कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय
संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्ने

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था
रजिष्टर्ड कार्यालय : नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-४७८१८००, फ्याक्स नं. ९७७-१-४७८०७६२
Email: clientcarecentre.nepal@sc.com, Website: www.sc.com/np

## ५ वर्ष अवधि तथा वार्षिक १०.३० प्रतिशत ब्याजदर भएको "१०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड ऋणपत्र"

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## "विवरणपत्र"

पाँच वर्ष अवधि तथा वार्षिक १०.३० प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु. १,०००/- अंकित मूल्यका २४ लाख कित्ताले हुन आउने रु. २ अर्ब चालिस करोड बराबरको ऋणपत्र मध्ये ६०% अर्थात १४ लाख ४० हजार कित्ता ऋणपत्रले हुन आउने कूल रु. १ अर्ब चवालीस करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने तथा ४०% अर्थात ९ लाख ६० हजार कित्ता ऋणपत्रले हुन आउने कुल रु. छयानब्बे करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ४८,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट विक्री गरिने ।

**दरखास्त साथ प्रति ऋणपत्र रु.१,०००/- को अंकित मूल्यले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

**नेटवर्थ सम्बन्धी तालिका**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | आ.व.०७८/०७९ | आ.व.०७९/०८० | आ.व.०७९/०८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १८८.५१ | १८९.२४ | १९२.३२ | १९५.७३ | २०२.७७ | २१७.८९ | २३४.५२ |
| प्रति शेयर आम्दानी (रु.) | २४.८१ | १४.८३ | २३.९२ | ३७.१९ | २७.०२ | ३०.५६ | ३४.७६ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | १,५१७,९२० | १,७७६,७५३ | २,१९७,९०३ | २,३९४,७३५ | २,०३९,६३६ | २,२५९,८४६ | २,५२२,९७१ |

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग ८ पृष्ठ संख्या १२ र १३** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण :

सार्वजनिक निष्काशन मार्फत उल्लेखित धितोपत्र बिक्रि गर्नको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस बैंकलाई इक्रा नेपाल लिमिटेडले न्यून कर्जा जोखिम (Low Credit Risk) जनाउने "[ICRANP-IR] AAA" (pronounced ICRA NP issuer rating triple A) रेटिङ्ग मिति जनवरी १७, २०२२ मा प्रदान गरेको र सोको अवधि जनवरी १६, २०२३ सम्म रहेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा उच्चतम (Highest) मात्रामा सुरक्षित मानिन्छ । जोखिमको दृष्टिकोणमा यस्ता उपकरणहरु न्यून क्रेडिट जोखिम भएको मानिन्छ । इक्रा नेपाल लि. ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण **(Unsecured Debt)** भएको र कथंकदाचित् बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinated Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक बैंकको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७९/०९/०६
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्रदर्ता भएको मिति : २०७९/०९/२२
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति :२०७९/०९/१४

निष्काशन खुल्ला हुने मितिः २०७९/१०/२६
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/११/०१
निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०७९/११/११

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा विक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको website: www.sc.com/np साथै नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।

NIBL ACE CAPITAL
Managing share. Managing investments.
Wholly owned Subsidiary of NIMB

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

## ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल एस क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

ग) **"कम्पनी/बैंक"** भन्नाले निष्काशनकर्ता कम्पनी स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकहरुलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापकीय तहका कर्मचारीलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"आधारभुत शेयरधनी"** भन्नाले बैंकको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनु पर्दछ ।

ञ) **"डिबेन्चर/ऋणपत्र"** भन्नाले १०.३०% ब्याज प्रदान गर्ने गरी स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडद्धारा निष्काशन गरिने "१०.३० % स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड ऋणपत्र" लाई सम्झनु पर्दछ ।

ट) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ ।

ठ) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ

## ख. २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेवसाइट : www.niblcapital.com |
| २. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट : www.sc.com/np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np |

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु । |

व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने ऋणपत्रको हकमा विक्री प्रवन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरी आपसी सहमतीमा वितरण गरिने छ ।

**ग. १. धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग. २. संगठित संस्थाको उद्घोषण :**

**क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा तथा अरु नियमनकारी निकायहरुमा पेश गरेका छौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/०७८ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१०/०४ गतेको पत्रबाट प्राप्त भएको छ ।

**घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१) यस बैंकको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२) यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।

३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश बर्ष पुरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

५) यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम अयोग्य रहेका छैनन् ।

### ग.३.संगठित संस्था सम्बन्धी जानकारी :

#### (क) संगठित संस्थाको पृष्ठभूमी

(१) **संस्थाको नाम** : स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड (Standard Chartered Bank Nepal Limited)

(२) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यस बैंक तत्कालिन कम्पनी ऐन, २०२१ (संशोधन सहित) बमोजिम मिति २०४२/०९/०४ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नामबाट पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो । तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट मिति २०४२/१०/१३ मा यस बैंकलाई वित्तीय कारोवार गर्न स्वीकृति प्रदान गरे बमोजिम यस बैंकले मिति २०४२/१०/२४ गतेदेखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५८/०३/२६ को निर्णयबाट साविकको नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नाममा रहे भएको सम्पुर्ण चल अचल सम्पत्ति र तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडमा सर्ने गरी निर्णय भई स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड कायम भएको हो । नेपाल राष्ट्र बैंकबाट मिति २०६२/१२/०४ मा तत्कालिन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ बमोजिम यस बैंकलाई पुनः इजाजतपत्र प्रदान गरे बमोजिम हाल "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको रुपमा यस बैंकले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ ।

(३) **संस्थाको रजिष्टर्ड ठेगाना :** यस बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३४ (हाल ३१) मा रहेको छ ।

(४) **कारोवार गर्ने मूख्य स्थान :** यस बैंकको प्रधान कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ (हाल ३१),नयाँ बानेश्वरमा रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्ना शाखा, उपशाखा वा अन्य कार्यालय मार्फत् नेपालभर कारोवार गर्न सक्नेछ । यस बैंकले मिति २०७९/०५/३१ सम्मको अद्यावधिक तथ्यांक अनुसार नेपाल राष्ट्र बैंकले स्वीकृत गरे अनुसार नेपाल भित्र १२ शाखाहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ ।

| क्र.सं. | शाखाको नाम | शाखा रहेको स्थान |
|---|---|---|
| १. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, प्रधान कार्यालय | नयाँ बानेश्वर, काठमाडौं |
| २. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | विराटनगर |
| ३. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | वीरगञ्ज |
| ४. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | बुटवल |
| ५. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | धरान |
| ६. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | जवलाखेल, ललितपुर |
| ७. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | नक्साल, काठमाडौं |
| ८. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | नारायणगढ |
| ९. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | नेपालगञ्ज |
| १०. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | न्यूरोड, काठमाडौं |
| ११. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | पोखरा |
| १२. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, शाखा कार्यालय | बौद्ध, काठमाडौं |

माथि उल्लिखित शाखाहरु बाहेक बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई थप २ एक्सटेन्सन काउन्टरको माध्यमबाट समेत आफ्नो कारोवार संचालन गर्दै आएको छ ।

(५) **संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

यस बैंक तत्कालिन कम्पनी ऐन, २०२१ (संशोधन सहित) बमोजिम मिति २०४२/०९/०४ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नामबाट पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो । तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट मिति २०४२/१०/१३ मा यस बैंकलाई वित्तीय कारोवार गर्न स्वीकृति प्रदान गरे बमोजिम यस बैंकले मिति २०४२/१०/२४ गतेदेखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५८/०३/२६ को निर्णयबाट साविकको नेपाल ग्रिण्डलेज बैंक लिमिटेडको नाममा रहे भएको सम्पुर्ण चल अचल सम्पत्ति र तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडमा सर्ने गरी निर्णय भई स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड कायम भएको हो । नेपाल राष्ट्र बैंकबाट मिति २०६२/१२/०४ मा तत्कालिन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ बमोजिम यस बैंकलाई पुनः इजाजतपत्र प्रदान गरे बमोजिम हाल "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको रुपमा यस बैंकले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ ।

यस बैंकमा ४६.८१% शेयर स्वामित्व स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी, अस्ट्रेलिया, २३.४०% शेयर स्वामित्व स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, यू.के. को रहेको छ भने बाँकी २९.७९% शेयर स्वामित्व नेपाली सर्वसाधारण शेयरधनीहरुको रहेको छ ।

बैंकको प्रबन्धपत्रमा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९, प्रचलित कम्पनी ऐन तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
२. कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिकालागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
३. उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणकालागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
४. मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,
५. अन्य उद्देश्यहरु बैंकको प्रवन्धपत्रमा भए अनुसार रहेका छन् ।

साथै, यस बैंकले शेयरधनीहरुलाई उच्चतम लाभांश प्रदान गरिरहेको छ । बैंकले विगत तेइस बर्षदेखि प्रदान गरेको नगद लाभांश तथा बोनश शेयर निम्नानुसार रहेको छ ।

| क्र.स. | आर्थिक बर्ष | बोनश शेयर | नगद लाभाश | जम्मा/कूल(प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | २०५६/५७ | ०% | १००% | १००% |
| २ | २०५७/५८ | ०% | १००% | १००% |
| ३ | २०५८/५९ | ०% | १००% | १००% |
| ४ | २०५९/६० | १०% | ११०% | १२०% |
| ५ | २०६०/६१ | ०% | ११०% | ११०% |
| ६ | २०६१/६२ | ०% | १२०% | १२०% |
| ७ | २०६२/६३ | १०% | १३०% | १४०% |
| ८ | २०६३/६४ | ५०% | ८०% | १३०% |
| ९ | २०६४/६५ | ५०% | ८०% | १३०% |
| १० | २०६५/६६ | ५०% | ५०% | १००% |
| ११ | २०६६/६७ | १५% | ५५% | ७०% |
| १२ | २०६७/६८ | ०% | ५०% | ५०% |
| १३ | २०६८/६९ | १५.००% | ४५.००% | ६०.००% |
| १४ | २०६९/७० | १०.००% | ४०.००% | ५०.००% |
| १५ | २०७०/७१ | १०.००% | ४१.५०% | ५१.५०% |
| १६ | २०७१/७२ | २५.००% | १९.२१% | ४४.२१% |
| १७ | २०७२/७३ | ३३.३३% | १.७५% | ३५.०८% |
| १८ | २०७३/७४ | १००.००% | ५.२६% | १०५.२६% |
| १९ | २०७४/७५ | - | १७.५०% | १७.५०% |
| २० | २०७५/७६ | - | २२.५०% | २२.५०% |
| २१ | २०७६/७७ | ७.००% | ४.८४% | ११.८४% |
| २२ | २०७७/७८ | १०.००% | ३.०६% | १३.०६% |
| २३ | २०७८/७९ | - | १६.५१% | १६.५१% |

**(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(७) अन्य विवरणहरु :**

**(क) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स तथा अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

**(ख) प्रयोग भएको वा गरिने प्रविधि :**

बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (क) मा उल्लिखित सेवा प्रदान गर्न आवश्यक प्रविधि ।

**(ग) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

यस बैंकको स्ट्यान्डर्ड चार्टर्ड बैंक, लण्डन यु.के.(SCB) सँग प्राविधिक सम्झौता रहेको छ । साथै यस बैंकले स्ट्यान्डर्ड चार्टर्ड, स्ट्यान्डर्ड चार्टर्ड नेपाल, स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि. को ब्राण्डनेम प्रयोग गर्दै आएको छ । स्ट्यान्डर्ड चार्टड समुहले नै आफ्नो ट्रेडमार्क, ब्राण्डनेम दर्ता गर्ने गरेको ।

**(घ) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**

२०७९ आषाढ मसान्तसम्मको तथ्याङ्क अनुसार कूल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को २.२४% हिस्सा बैंकको रहेको छ । साथै, कर्जा तथा सापट अन्तर्गत बैंकले कूल बजारको २.१७% हिस्सा ओगटेको छ ।

**(ङ) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**

समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

**(च) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

बैंकको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने बैंकको लक्ष्य रहेको छ ।

**(छ) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

बैंकिङ्ग क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस कम्पनीले स्थापनाकालदेखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ ।

**(ज) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

सो नभएको ।

**(झ) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

स्तरीय बैंकिङ्ग सेवा प्रदान गर्नका लागि बजार तथा शाखा व्यवस्थापन विभाग स्थापना गरी कार्यालयले प्रदान गरेको सेवाको अनुगमन गर्नका साथै ग्राहक गुनासो सुनुवाई डेस्कको समेत व्यवस्था रहेको छ । साथै बैंकको गुणस्तर तथा आन्तरिक जोखिम नियन्त्रणका लागि आन्तरिक निरीक्षण तथा अनुगमन विभागको व्यवस्था गरी सो विभाग मार्फत पनि बैंकले प्रदान गर्ने सेवा तथा अन्तरनिहित जोखिम नियन्त्रण गर्ने कार्य गरिन्छ । बैंकका प्रदेश/शाखा कार्यालयहरु तथा मुख्य कार्यालयबाट सेवाको गुणस्तर अभिबृद्धि गर्न अनुगमन समेत गर्ने गरिएको छ । साथै, ग्राहकहरुको सेवाका लागि २४ घण्टा क्लाइन्ट केयर सेन्टर (Client care centre) को व्यवस्था रहेको छ । कम्पनीले विभिन्न जोखिमहरुको न्युनीकरण गर्नका लागि जोखिम व्यवस्थापन समितिको पनि व्यवस्था गरिएको छ ।

**(ञ) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाइरहेको छ ।

**(ट) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

**कोभिड - १९ बाट कुनै वाधा, व्यवधान पुगेको भए सो सम्बन्धी विवरण :** देशमा कोभिड - १९ को महामारीले गर्दा भएको बन्दाबन्दीले निम्त्याएको अन्यौलको कारणले देशको समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव परेको हुँदा यसको प्रत्यक्ष असर बैंकिङ्ग क्षेत्रमा समेत परेको छ । आर्थिक क्रियाकलापहरु क्रमशः चलायमान हुँदा संस्थाहरुमा ऋणको माग बढेको तथा सरकारी खर्च प्रभावकारी हुन नसक्दा समग्र लगानी योग्य रकममा चाप आई व्याजदर वद्धि हुन गई वित्तीय क्षेत्रको नाफामा असर परेको छ ।

**(ठ) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरणः**

बैंकमा सुमधुर औद्योगिक सम्बन्ध रहेको र बैंकमा मजदुर संगठन नरहेको ।

**(ड) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

अत्यधिक प्रतिस्पर्धी रहेको हालको बैंकिङ्ग बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी गुणस्तरीय बैंकिङ्ग व्यवसाय संचालन गरिरहेको । यस सम्बन्धमा बैंकको हालसम्मको प्रगति विवरण लगायत बर्तमान बजारमा बैंकको अवस्थाको पुष्टी बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ र हाल २६ वटा वाणिज्य बैंकहरु बिच यस बैंकको २०७९ आषाढ मसान्त सम्मको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | समग्र बजारमा बैंकको हिस्सा |
|---|---|---|
| १ | निक्षेप संकलन | २.२४% |
| २ | कर्जा तथा सापटी | २.१७% |
| ३ | खुद मुनाफा | ३.०३% |
| ४ | व्याज आम्दानी | १.७०% |
| ५ | सञ्चालन मुनाफा | ३.१४% |

**(ढ) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण ।) :** नभएको ।

**(ण) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** नभएको ।

**(ख) सम्पत्तिको विवरण :**

**(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** कम्पनीको आषाढ ३२, २०७९ को सम्पत्ति तथा सम्पत्ति रहेको स्थान तथा अवस्था यसप्रकार रहेको छ ।

| विवरण | जमिन | भवन | पट्टा सम्पत्ति | कम्प्युटर तथा वस्तुहरु | परिवहन साधन | फर्निचर तथा फिक्सचर्स | मेशीनरी | कार्यालय सामान र अन्य | कूल आषाढ २०७८ | कूल आषाढ २०७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **परलमोल** | | | | | | | | | | |
| १ साउन २०७७ सम्मको मौज्दात | | | १५३,१४६,९६० | २१६,४६७,४०२ | ५९,२५७,४८१ | ३२,४७६,८६५ | ३१,८७६,९६४ | ५४,७०५,९६३ | | ५४७,९३१,६३५ |
| यस वर्षको थप | | | २,१०२,२७३ | ३४,६१५,७५८ | - | - | | - | | ३६,७१८,०३० |
| खरिद | | | | | | | | | - | |
| पूँजीकरण | | | | | | | | | - | |
| यस वर्षको विक्री | | | ८,१९६,२५२ | ८९,१४८,९१५ | - | ३,२८५,४६३ | १,८७१,३१८ | २,७९४,८८४ | | १०५,२९६,८३१ |
| समायोजन/पूनर्मूल्यांकन | | | | | | | | | - | |
| **आषाढ २०७८ को मौज्दात** | | | १४७,०५२,९८१ | १६१,९३४,२४५ | ५९,२५७,४८१ | २९,१९१,४०२ | ३०,००५,६४७ | ५१,९११,०७९ | | ४७९,३५२,८३४ |
| यस वर्षको थप | | | ८६,५८८,७३१ | ३७,५५०,८७२ | | ४७,३९३,४६९ | १,५५०,००० | ४२०,९०४,२७८ | ५९३९८७३५१ | |
| खरिद | | | | | | | | | | |
| पूँजीकरण | | | | | | | | | | |
| यस वर्षको विक्री | | | २७,५१३,३६७ | ३,१७३,०८६ | | १,११३,६१६ | ६००,००० | १४,९५५,३५३ | ४७,३५५,४२२ | |
| समायोजन/पूनर्मूल्यांकन | | | | | | | | | | |
| **आषाढ २०७९ को मौज्दात**<br>**ह्रासकट्टी र नोक्सानी** | | | २०६,१२८,३४५ | १९६,३१२,०३१ | ५९,२५७,४८१ | ७५,४७१,२५६ | ३०,९५५,६४७ | ४५७,८६०,००३ | १,०२५,९८४,७६३ | ४७९,३५२,८३४ |
| साउन १, २०७७ सम्म | | | १०२,१८३,६६६ | १३९,५२०,३०३ | ३०,२७३,११४ | २७,५७९,१०० | ३१,२३८,०७६ | ४१,५८८,५५८ | | ३७२,३८२,८१७ |
| यस वर्षको ह्रासकट्टी | | | १२,८७८,८८१ | ३४,३३२,४८० | ६,०५१,९९६ | ३,२८४,६४६ | ६३८,८८९ | ६,९१८,३७७ | | ६४,१०५,२६९ |
| यस वर्षको नोक्सानी | | | | | | | | | | |
| विक्री | | | ८,१९६,२५२ | ८९,१४८,९१५ | | ३,२८५,४६३ | १,८७१,३१८ | २,७९४,८८४ | | १०५,२९६,८३१ |
| समायोजन | | | (६३३,५४९) | (६३,५६२) | | (३१९,६४९) | | | | (१,०१६,७६१) |
| **आषाढ मसान्त २०७८ सम्म** | | | १०७,४९९,८४४ | ८४,७६७,४३० | ३६,३२५,११० | २७,८९७,९३३ | ३०,००५,६४७ | ४५,७१२,०५२ | | ३३२,२०८,०१६ |
| यस वर्षको नोक्सानी | | | | | | | | | | |
| यस वर्षको ह्रासकट्टी | | | १७,६८४,०९६ | ३९,०१७,८१३ | ६,०५१,९९६ | १०,०८३,११० | ४९५,१३९ | ७५,३१०,४४३ | १४८,६४२,५९६ | |
| विक्री | | | २७,५१३,३६७ | ३,१७३,०८६ | | १,११३,६१६ | ६००,००० | १४,९५५,३५३ | ४७,३५५,४२२ | |
| समायोजन | | | | | | | | | | |
| **आषाढ मसान्त २०७९ सम्म** | | | ९७,६७०,५७३ | १२०,६१२,१५७ | ४२,३७७,१०६ | ३६,८६७,४२७ | २९,९००,७८५ | १०६,०६७,१४२ | ४३३,४९५,१९१ | ३३२,२०८,०१६ |
| **पूँजीगत निर्माण** | | | २०,४५०,२४० | | | | | | २०,४५०,२४० | १२९,९५४,०५८ |
| **खुद बुक भ्यालु** | | | | | | | | | | |
| **आषाढ मसान्त २०७७ सम्म** | | | ५०,९६३,२९४ | ७६,९४७,०९९ | २८,९८४,३६७ | ४,८९७,७६५ | ६३८,८८९ | १३,११७,४०४ | १७५,५४८,८१८ | |
| **आषाढ मसान्त २०७८ सम्म** | | | १६९,५०७,१९५ | ७७,१६६,८१४ | २२,९३२,३७१ | १,२९३,४६९ | - | ६,१९९,०२७ | २७७,०९८,८७६ | २७७,०९८,८७६ |
| **आषाढ मसान्त २०७९ सम्म** | | | १२८,९०८,०१३ | ७५,६९९,८७४ | १६,८८०,३७५ | ३८,६०३,८२९ | १०५४८६१ | ३५१,७९२,८६२ | ६१२,९३९,८१३ | |

माथि उल्लिखित सम्पत्ति यस बैंकको मुख्य कार्यालय एवं शाखाहरुमा अवस्थित रहेको छ ।

**(२) बूँदा (१) मा उल्लिखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :**
उक्त बुँदामा उल्लिखित सम्पत्ति कम्पनीको आफ्नै स्वामित्वको हो ।

**(३) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**(४) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** यस कम्पनीको इक्विटी लगानी बजार मूल्यमा मूल्याङकन गरिएको छ र अन्य सम्पत्तिको पुन: मूल्याङकन गरिएको छैन ।

**(५) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :** शेयरको मूल्याङ्कन बजार मुल्य अनुसार र बाँकी सम्पत्तिको नियमानुसार ह्रासकट्टि गरी लेखाङ्कन गरिएको छ ।

**(ग) भावी योजना तथा रणनिती:**

**(१) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

क) **सेवा तथा सुबिधाहरु** : आफ्नो ग्राहकवर्गको आवश्यकता र अपेक्षालाई दृष्टिगत गरी तद्अनूरुप सेवा पुऱ्याउन र प्रतिस्पर्धी बीच आफ्नो छुट्टै पहिचान बनाउन बैंकले विभिन्न नयाँ खाता, कर्जा तथा सेवा सुबिधाहरु लाई निरन्तरता दिनेछ ।

ख) **शाखा सञ्जाल** : बैंकले हाल संचालनमा रहेका शाखाहरुबाट नै यस बैंकका सेवा तथा सुबिधाहरु ग्राहक समक्ष उपलब्ध गराउँदै जाने र आवश्यकता अनुसार योजनालाई परिमार्जित गर्दै लैजानेछ ।

ग) **सूचना प्रविधिमा आधारित सेवा** : बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्ना व्यक्तिगत र व्यावसायिक ग्राहकहरुलाई अन्तराष्ट्रिय स्तरको Mobile Banking, Internet Banking, Straight 2 Bank, API Banking, ATM जस्ता Digital प्रणालीबाट सेवा सुचारु गर्दै आएको छ र यस प्रणालीलाई थप सरल तथा चुस्त बनाई आफ्ना सम्पुर्ण ग्राहक बर्गहरुलाई सूचना प्रविधिमा आधारित डिजिटल सेवाको क्षेत्र भित्र ल्याउने नीति अवलम्बन गरेको छ ।

घ) **व्यावसायिक कर्जा तथा अन्य सुबिधाहरु** : यस बैंकले आफ्नो शाखा मार्फत व्यक्तिगत र व्यावसायिक कर्जा उपलब्ध गराउँदै आएको छ। साथै विपन्न क्षेत्र, कृषी क्षेत्र, उर्जा क्षेत्र तथा साना तथा मझौला व्यवसायहरुलाई सेवा तथा सुबिधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**(२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । देशले अपनाएको खुला आर्थिक नीतिले लगानीकर्ताहरुलाई विभिन्न क्षेत्रमा लगानी गर्ने अवसरहरु प्राप्त भएका छन् । विगत केही समय यता देखा परेको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थितिले र विदेशी मुद्रा (अमेरीकी डलर) को विनिमय दरमा भएको बृद्धिले देशको बैंकिङ्ग व्यवसाय र अर्थतन्त्रलाई पनि केही हदसम्म प्रभाव पार्ने देखिएको छ । तसर्थ, देशको बैंकिङ्ग व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हालसम्मका दिनहरुमा बैंकिङ्ग क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस बैंकले ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उत्साहजनक उपलब्धि हासिल गरेको छ । त्यस कारण बैंकको विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा बैंकको भविष्य सुदृढ हुने देखिन्छ । साथै बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संगठन, कम्पनी, व्यक्ति र संघ संस्थाहरु तथा अन्य सबै सरोकारवालाहरुसँग सुमधुर व्यावसायिक सम्बन्ध कायम राखेको र बैंकको औद्योगिक तथा व्यावसायिक सम्बन्ध समाजका सबै तहमा पारदर्शी र सौहार्दपूर्ण रहेकोले यसलाई निरन्तरता दिइनेछ ।

साथै यस बैंकको भविष्यका योजनाहरू निम्नानुसार रहेका छन् :

(१) बैंकले प्रवाह गर्ने सेवालाई अझ छिटो, छरितो र ग्राहकमुखी बनाउने ।
(२) सम्भाव्यताको आधारमा कृषि, जलविद्युत तथा अन्य क्षेत्रका ठूला परियोजनाहरूमा लगानी विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
(३) कुल निक्षेपमा स्थायी प्रकृतिको न्यून लागतको निक्षेप भार वृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिनेछ ।
(४) बैंकले कम लागतको दीर्घकालीन पूँजी श्रोत परिचालन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
(५) Digital Banking Product लाई थप विस्तार गरिनेछ ।
(६) बैंकले प्रयोग गरिरहेको System लाई अझ बढी प्रभावकारी बनाइने छ ।
(७) दिगो रूपमा प्रतिस्पर्धात्मक आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्ने ।

**(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था:**
यस बैंकमा ५ (पाँच) जनाको सञ्चालक समिति रहेको छ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

| | |
|---|---|
| (क) संस्थापक समूहका शेयरधनीहरुमध्येबाट मनोनित | ३ (तीन) जना |
| (ख) सर्वसाधारण समूहबाट निर्वाचित | १ (एक) जना |
| (ग) स्वतन्त्र सञ्चालक | १ (एक) जना |
| **जम्मा** | **५(पाँच) जना** |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस बैंकको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार बैंकको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा कम्तिमा ३०० (तिन सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ बमोजिम नियुक्ति हुने स्वतन्त्र सञ्चालकको हकमा सो व्यवस्था लागु हुने छैन ।

**ग. ४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :**

यस बैंकको अधिकृत पूँजी रु.१०,०००,०००,०००.०० (अक्षरेपी दश अर्व) रहेको छ, उक्त पूँजीलाई निम्न बमोजिम विभाजन गरिएको छ । रु. १००.०० का अंकित दरका १००,०००,००० (दश करोड) थान साधारण शेयर ।

**जारी पूँजी :**

यस बैंकको जारी पूँजी रु. ९,४२९,४५३,८९४ (अक्षरेपी नौ अर्व बयालिस करोड चौरान्नब्बे लाख त्रिपन्न हजार आठ सय चौरान्नब्बे मात्र) हुनेछ । सो पूँजीलाई रु. १००.०० का अंकित दरले ९४,२९४,५३८.९४ (अक्षरेपी नौ करोड बयालिस लाख चौरान्नब्बे हजार पाच सय अठ्तीस दशमलब चौरान्नब्बे मात्र) साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :**

यस बैंकको चुक्ता पूँजी रु ९,४२९,४५३,८९४ (अक्षरेपी नौ अर्व बयालिस करोड चौरान्नब्बे लाख त्रिपन्न हजार आठ सय चौरान्नब्बे मात्र) रहेको छ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :**

| क्र.सं | आ. व. | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|---|
| १ | २०४४/४५ | १००,०००,००० | ३०,०००,००० | ३०,०००,००० |
| २ | २०४७/४८ | १००,०००,००० | ५०,०००,००० | ५०,०००,००० |
| ३ | २०४९/५० | २००,०००,००० | १००,०००,००० | १००,०००,००० |
| ४ | २०५१/५२ | २००,०००,००० | १५०,०००,००० | १५०,०००,००० |
| ५ | २०५३/५४ | २२५,५७१,८०० | २२५,५७१,८०० | २२५,५७१,८०० |
| ६ | २०५४/५५ | ३३९,५४८,८०० | ३३९,५४८,८०० | ३३९,५४८,८०० |
| ७ | २०५९/६० | १,०००,०००,००० | ३७४,६४०,४०० | ३७४,६४०,४०० |
| ८ | २०६२/६३ | १,०००,०००,००० | ४१३,२५४,८०० | ४१३,२५४,८०० |
| ९ | २०६३/६४ | १,०००,०००,००० | ६२०,७८४,००० | ६२०,७८४,००० |
| १० | २०६४/६५ | १,०००,०००,००० | ९३१,९६६,४०० | ९३१,९६६,४०० |
| ११ | २०६५/६६ | २,०००,०००,००० | १,३९८,४८३,६०० | १,३९८,४८३,६०० |
| १२ | २०६६/६७ | २,०००,०००,००० | १,६१०,१६८,००० | १,६१०,१६८,००० |
| १३ | २०६८/६९ | २,०००,०००,००० | १,८५३,९००,००० | १,८५३,९००,००० |
| १४ | २०६९/७० | २,०४१,६७२,००० | २,०४१,६७२,००० | २,०४१,६७२,००० |
| १५ | २०७०/७१ | ३,०००,०००,००० | २,२४८,१६१,२०० | २,२४८,१६१,२०० |
| १६ | २०७१/७२ | ४,०००,०००,००० | २,८१२,४२६,००० | २,८१२,४२६,००० |
| १७ | २०७२/७३ | ८,०००,०००,००० | ३,७४,९९,०१,३३३ | ३,७४,९९,०१,३३३ |
| १८ | २०७३/७४ | ८,०००,०००,००० | ४,००५,७१५,३३३ | ४,००५,७१५,३३३ |
| १९ | २०७४/७५ | ९,०००,०००,००० | ८,०११,४३०,६६७ | ८,०११,४३०,६६७ |
| २० | २०७६/७७ | ९,०००,०००,००० | ८,५७२,२३०,८१३ | ८,५७२,२३०,८१३ |
| २१ | २०७७/७८ | १०,०००,०००,००० | ९,४२९,४५३,८९४ | ९,४२९,४५३,८९४ |
| २२ | २०७८/७९ | १०,०००,०००,००० | ९,४२९,४५३,८९४ | ९,४२९,४५३,८९४ |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

१. ऋणपत्र निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ ।

**अ. शेयर पुँजी**

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु {बैदेशिक लगानीकर्ता (विदेशी स्वामित्व)} | ६६,२०४,५०८.०४ | ७०.२१ प्रतिशत | ६,६२०,४५०,८०४ | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु | २८,०९०,०३०.९० | २९.७९ प्रतिशत | २,८०९,००३,०९० | शतप्रतिशत |
| | **जम्मा** | **९४,२९४,५३८.९४** | **१०० प्रतिशत** | **९,४२९,४५३,८९४** | |

२. ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको शेयर पूँजी र ऋण पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

**अ. शेयर पुँजी**

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु {बैदेशिक लगानीकर्ता (विदेशी स्वामित्व)} | ६६,२०४,५०८.०४ | ७०.२१ प्रतिशत | ६,६२०,४५०,८०४ | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु | २८,०९०,०३०.९० | २९.७९ प्रतिशत | २,८०९,००३,०९० | शतप्रतिशत |
| | **जम्मा** | **९४,२९४,५३८.९४** | **१०० प्रतिशत** | **९,४२९,४५३,८९४** | |

**आ. ऋण पुँजी**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| १०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड ऋणपत्र | २,४००,०००,०००/- | निष्काशन प्रकृयामा रहेको |
| **जम्मा** | **२,४००,०००,०००/-** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :** नरहेको ।

## ग. ५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

### (क) संस्थापक/संचालकको पृष्ठभूमीः

**(१) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) | प्रस्तावित व्यापार /व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, लेभल १, ३४५ जर्ज स्ट्रीट, सिड्नी, अस्ट्रेलिया । | संस्थापक | लागु नहुने | लागु नहुने | ४४,१३६,३३८.६९ | ४६.८१ % | लागु नहुने | लागु नहुने | लागु नहुने |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक, । १ बासिङ्गहल एभिन्यू, इसि २ भि ५ डिडि, लण्डन, यु.के.। | संस्थापक | लागु नहुने | लागु नहुने | २२,०६८,१६९.३५ | २३.४०% | लागु नहुने | लागु नहुने | लागु नहुने |
| | **जम्मा** | | | | **६६,२०४,५०८.०४** | | | | |

**<u>संचालकहरुको विवरणः</u>**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) | प्रस्तावित व्यापार/ व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जरिन दारुवाला (प्रतिनिधि-स्ट्याण्डर्ड चार्टर्ड बैंक, यु.के.) | अध्यक्ष | ५७ बर्ष | भारतीय | अशोक टावर, परेल,मुम्बई भारत | २२,०६८,१६९.३५ (प्रतिनिधित्व गरेको कम्पनीको शेयर) | २३.४०% | चार्टर्ड एकाउन्टेण्ट | बैंकिङ्ग क्षेत्रमा ३२ बर्षको अनुभव प्राप्त गर्नुभएको । | सो नभएको |
| २. | रिनो सान्तोडियोनो डोनो सेपुत्रो(प्रतिनिधि-स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, अष्ट्रेलिया ) | संचालक | ४९ बर्ष | इन्डोनेशियन | जाकार्ता इन्डोनेशिया | ४४,१३६,३३८.६९ (प्रतिनिधित्व गरेको कम्पनीको शेयर) | ४६.८१% | एमबिए | बैंकिङ्ग क्षेत्रमा २५ बर्षको अनुभव प्राप्त गर्नुभएको । | सो नभएको |
| ३ | अनिर्वाण घोष दास्तिदार (प्रतिनिधि-स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, अष्ट्रेलिया) | संचालक | ५४ बर्ष | भारतीय | ह्मजरा रोड कोलकत्ता, भारत | | | व्यवस्थापनमा स्नातक | बैंकिङ्ग क्षेत्रमा २९ बर्षको अनुभव प्राप्त गर्नुभएको । | सो नभएको |
| ४ | भरत कुँवर* | पूर्व संचालक (सर्वसाधारण समूह) | ६७ बर्ष | नेपाली | काठमाण्डौ टोखा वडा नं ४ | ६३२ | ०.००% | टेक्नोलोजीमा स्नातक | विभिन्न सरकारी स्वामित्वमा रहेका कम्पनीहरुमा कार्यानुभव प्राप्त गर्नुभएको । | सो नभएको |
| ५ | सिद्धान्त राज पाण्डेय | संचालक (स्वतन्त्र) | ५५ बर्ष | नेपाली | काठमाण्डौ वडा नं १९ | नभएको | ०.००% | स्नातकोत्तर | बैंकिङ्ग तथा अन्य क्षेत्रमा ३२ बर्षको अनुभव प्राप्त गर्नुभएको । | सो नभएको |

*नोट : यस बैंकको सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने संचालक श्री भरत कुँवरको कार्यकाल ३६औं वार्षिक साधारण सभाबाट समाप्त भएकोमा उक्त रिक्त संचालक पदमा सन् २०२२ डिसेम्बर ११ मा सम्पन्न ३६औं वार्षिक साधारण सभाबाट श्री अभिनास अग्रवाल नियुक्त भएको जानकारी गराउँदछौं र उहाँको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) | प्रस्तावित व्यापार/ व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | अभिनास अग्रवाल | संचालक (सर्वसाधारण समूह) | ४१ वर्ष | नेपाली | सानेपा, ललितपुर | ६६०,८३६.८५ | ०.७०% | एमबिए | बैंक तथा वित्तीय संस्थामा कार्यनुभाव | सो नभएको |

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

यस बैंकको संस्थापक कम्पनी/संस्थाको नाम तथा ठेगाना तथा उक्त कम्पनी तथा संस्थाका सञ्चालकहरुको नाम तथा ठेगाना सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | संस्थाको नाम ठेगाना | संचालकहरुको विवरण |
|---|---|---|
| १. | स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड लेभल १, ३४५ जर्ज स्ट्रीट, सिड्नी, अस्ट्रेलिया । | वेई लू च्यान, एनएसडब्ल्यू, अस्ट्रेलिया । मिसेल्याङेलो साम्सन, एनएसडब्ल्यू, अस्ट्रेलिया । |
| २. | स्ट्याण्डर्ड चार्टर्ड बैंक, । १ बासिङ्हल एभिन्यू, इसि २ भि ५ डिडि, लण्डन, यु.के. । | विल विन्टर्स, एण्डी हालफोर्ड, मार्क स्मिथ, एलिसन क्लेयर, डेविड फिल्ब्रिक, गे ह्युये ईभान्स्, मारिया रामोस्, फिलिप जर्ज, डेभिड ट्याङ, कार्ल्सन टङ, होजे भिनाल्स्, जास्मिन व्हिटब्रेड ठेगाना: बासिङ्हल एभिन्यू, लण्डन । |

**(३) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना:** नेपालस्थित कम्पनी, संस्था, कोष, संगठनसँग आबद्ध नरहेको ।

**नोट : यस संस्थाको संचालकहरुको सम्बन्धमा "सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को व्यवस्थाहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना गरिएको छ ।**

**(४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :** संस्थापक/संचालकलाई धितोपत्र हक हस्तान्तरणमा प्रचलित कानुन बमोजिम बन्देज रहेको ।

**(ख) संस्थापक/संचालक सँगको कारोबार :**

**१) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** बैंकको नियमावली तथा वार्षिक साधारण सभाबाट पारित सुविधा बाहेक केही नभएको ।

**२) बुँदा (ख) (१) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग. ६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस बैंकका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग. ७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(१) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति (ई.स.) | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | अनिर्वाण घोष दास्तिदार | संचालक तथा प्रमुख कार्यकारी अधिकृत | स्नातक (Bachelor's Degree in Commerce) | १ मार्च २०१९ | ३० वर्ष | - |
| २ | गोरख शम्सेर राणा | नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख कमर्सियल, कर्पोरेट र संस्थागत बैंकिङ्ग, ग्राहक कभरेज | स्नातकोत्तर (MBA) | ११ डिसेम्बर १९९४ | २८ वर्ष | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | राजन उदास | प्रमुख मानव संशाधन विभाग | स्नातकोत्तर (MSc) | ३ जुलाई १९९६ | २६ वर्ष | २३ |
| ४ | संजय पन्त | प्रमुख जोखिम अधिकृत/प्रमुख आचरण, वित्तीयअपराध अनुपालना | स्नातकोत्तर (MBA) | १४ जनवरी २०१३ | १८ वर्ष | २३ |
| ५ | सुधिर कुमार शर्मा | प्रमुख, कन्ज्युमर, प्राइभेट एण्ड बिजनेश बैंकिङ्ग | स्नातकोत्तर (MBA) | ३ मे १९९० | ३२ वर्ष | १०५ |
| ६ | सुजित श्रेष्ठ | प्रमुख संचालन अधिकृत | स्नातकोत्तर (MBA) | १७ मे १९९९ | २३ वर्ष | ५६ |
| ७ | विद्या कुमार | प्रमुख वित्त अधिकृत | सि. ए. (CA) | ११ अक्टोबर २०२० | २० वर्ष | - |
| ८ | गोपी कृष्ण भण्डारी | कम्पनी सचिव | स्नातकोत्तर (MBA) | १३ मे १९९१ | ३१ वर्ष | ५६२ |

**नोट : माथि उल्लेखित उच्च व्यवस्थापकिय तहका कर्मचारीहरु अन्य कुनै सुचिकृत संगठित संस्थाको वा अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको जानकारी गराउन चाहन्छौ ।**

**(२) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने :**

| क्र.स. | कर्मचारीको नाम | तह | परिवर्तन भएको कारण |
|---|---|---|---|
| १ | निधी राणा | प्रमुख, फाइनान्सीएल मार्केट्स् र ट्रेजरी मार्केट्स् | स्वेच्छिक अवकाश |
| २ | माधव प्रसाद रेग्मी | प्रमुख, कानुन तथा कम्पनी सचिव | स्वेच्छिक अवकाश |

**(३) कर्मचारी संख्या : ५०५ जना**
स्थायी : ४९२ जना ।
करार : १३ जना ।

**(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(१) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम रहेको छ :

बैठक भत्ता रु. २१,०००/- प्रति बैठक
दैनिक तथा भ्रमण भत्ता (वास्तविक खर्चका आधारमा):
विदेश : अमेरिकी डलर ५००/- दैनिक भत्ता
: अमेरिकी डलर २५०/- होटल खर्च

**(२) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र.सं. | नाम | पद | पारिश्रमिकको रकम (रु.) (श्रावण १, २०७८ देखि आषाढ ३१, २०७९ सम्म) |
|---|---|---|---|
| १ | अनिर्वाण घोष दास्तिदार | संचालक तथा प्रमुख कार्यकारी अधिकृत | ४१,७६३,९६३ |
| २ | गोरख शम्सेर राणा | नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख कमर्सियल, कर्पोरेट र संस्थागत बैंकिङ्ग, ग्राहक कभरेज | ८,१९९,३६२ |
| ३ | विद्या कुमार | प्रमुख वित्त अधिकृत | ३३,८७०,००० |

**(३) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नभएको ।

**ग. ८. अन्तरनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**
**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
१. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** अप्रत्यक्ष रुपमा जोखिम हुन सक्ने ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
१. नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु हाललाई न्यून रहेको ।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिम :**
लागू नहुने ।

**(ङ) विदेशी विनिमयको जोखिम :**
देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :**
लागू नहुने ।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दी तथा अन्तरदेशीय द्वन्द बाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

२. कोभिड १९ महामारीको रुपमा फैलिएपछि यसबाट समग्र अर्थतन्त्रमा पर्न गएको नकारात्मक असरबाट उत्पन्न हुन सक्ने जाखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :**

१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।

२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

**(झ) संचालन इतिहासको अभाव :**
यस बैंकको संचालन इतिहास ३५ बर्षको रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** :
नयाँ प्रविधिको विकास संगै बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तिय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साखसम्बन्धी जोखिम ।

**(ट) अन्य :**

१. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

२. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

ख. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

ग. आवेदकले आवेदन दिँदा सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

ङ. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

च. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

छ. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरुः**

१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै बैंकको विक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्नेछ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ । आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

३. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु. १,०००/– को दरले हुन आउने रकम बराबरको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**ग. ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क)** **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति** : कारोबार नभएको ।

**(ख)** **आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**(ग)** **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

**(घ)** **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** नेपालमा नभएको ।

**(ङ)** **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

**(च)** **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** कुनै ऋण कारोबार गरेको छैन ।

**ग. १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** यस बैंकको स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन यु.के.(SCB) सँग प्राविधिक सम्झौता रहेको छ र सो सम्झौताको प्रमुख शर्तहरु तल उल्लेखित गरिएको :

क. स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. को संचालक समितिसँग परामर्श गरि SCB ले समय समयमा आफ्नो कर्मचारीहरुबाट वरिष्ठ अधिकृतलाई प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त गर्न सक्नेछ ।

ख. निति, निर्देशन र अख्तियार प्रत्यायोजन बमोजिम बैंकको व्यवस्थापनको लागि प्रमुख कार्यकारी अधिकृत संचालक समिति प्रति उत्तरदायि रहनेछ ।

ग. प्रमुख कार्यकारी अधिकृत र SCB ले व्यवसाय विस्तारको लगि थप व्यवस्थापन कर्मचारी (loaned staff) नियुक्त गर्न सक्नेछ ।

घ. प्रमुख कार्यकारी अधिकृत र थप व्यवस्थापन कर्मचारी (loaned staff) लाई तलब, वार्षिक बोनस, भत्ता तथा अन्य सुविधाहरु स्थानिय मुद्रामा भुक्तानी गर्नु पर्नेछ ।

ङ. SCB ले आफ्नो निति बमोजिम स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. लाई प्राविधिक सहयोग प्रदान गर्नेछ ।

**ग. १३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :**

**संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या तल देहाय बमोजिम रहेको छ :**

| विवरण | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| चौथो त्रैमास आ.ब.०७८/०७९ | ४६२.७० | ३७५ | ३९६.३० | ७९३,४९६ |
| तेश्रो त्रैमास आ.ब.०७८/०७९ | ५६१ | ४३३.१० | ४५३.७० | ८५४,०९६ |
| दोश्रो त्रैमास आ.ब.०७८/०७९ | ५६१ | ४३४ | ५०० | ९०२,८६१ |
| पहिलो त्रैमास आ.ब.०७८/०७९ | ६२९.३ | ५१५ | ५३३ | १,७१२,०६२ |
| चौथो त्रैमास आ.ब.०७७/०७८ | ६४० | ५५२ | ५९० | २,२६३,८५२ |
| तेश्रो त्रैमास आ.ब.०७७/०७८ | ६९० | ५६८ | ६०८ | २,३७१,०१२ |
| दोश्रो त्रैमास आ.ब.०७७/०७८ | ७३० | ६०० | ६६९ | २,२८४,९५२ |
| पहिलो त्रैमास आ.ब.०७७/०७८ | ६९५ | ६२० | ६५८ | १,०१२,३६० |
| चौथो त्रैमास आ.ब.०७६/०७७ | ६९५ | ५०५ | ६४५ | १३२,२९४ |
| तेश्रो त्रैमास आ.ब.०७६/०७७ | ८५० | ५६२ | ५९० | १,१७७,४१८ |

| | | | | |
|---|---|---|---|---|
| दोश्रो त्रैमास आ.ब.०७६/०७७ | ६०६ | ५२१ | ५८६ | ३५४,७८६ |
| पहिलो त्रैमास आ.ब.०७६/०७७ | ६९८ | ५४५ | ५७३ | ३८७,७४५ |

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत जानकारी लिन सकिनेछ ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| पौष २०७९ | ४८९ | ३९२ | ४६३ | ३६८,०३९ | १८ |
| मंसिर २०७९ | ४४० | ३९६ | ४०० | १८१,९७५ | १८ |
| कार्तिक २०७९ | ४२८ | ४००.२ | ४२२.५ | १६५,०६७ | १६ |
| असोज २०७९ | ४३७.५ | ३८७ | ४१० | १३८,९८७ | १५ |
| भदौ २०७९ | ४५० | ४०२ | ४१० | १९३,२२१ | २५ |
| श्रावण २०७९ | ५१२ | ३८७.१ | ४३९.१ | ८२१,५९१ | २६ |

नोट :

१. शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत जानकारी लिन सकिनेछ ।
२. यस अघि कुनै पनि ऋणपत्र जारी नभएको ।

**ग. १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफाभन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

यस ऋणपत्र निष्काशन गर्नुभन्दा अघि बैंकले प्रिमियममा थप धितोपत्र शेयर निष्काशन गरेको (FPO) र सो प्रयोजनको लागि प्रकाशित विवरणपत्रमा उल्लिखित **पछिल्लो आ.व.०७५/०७६ मा प्रक्षेपित** खुद मुनाफा भन्दा १२% बढी मुनाफा आर्जन गर्न बैंक सफल रहेको र २० प्रतिशत भन्दा बढी तथा २० प्रतिशत भन्दा कम भएको कारणहरु तल तालिकामा उल्लेख गरिएको छ ।

**वासलात**

**(रु.हजारमा)**

| पूंजी तथा दायित्व | वास्तविक | प्रक्षेपित (रु.हजारमा)** | फरक | कारण |
|---|---|---|---|---|
| | २०७५/७६ | २०७५/७६ | (प्रतिशतमा) | |
| शेयर पूंजी | ८,०११,४३१ | ८,०४९,९०१ | ०% | |
| जगेडा तथा कोषहरु | ६,९१५,६४४ | ८,२५९,८४२ | -१६% | |
| ऋणपत्र तथा बण्ड | - | - | - | |
| तिर्न बाँकी कर्जा तथा सापटी | - | - | - | |
| निक्षेप हिसाब | ७६,२३७,३६८ | ९२,३८९,२५३ | -१७% | |
| भुक्तानी दिनुपर्ने बिलहरू | - | - | - | |
| प्रस्तावित लाभांश | - | - | - | |
| आयकर दायित्व | - | - | - | |
| अन्य दायित्व | २,०९९,७४१ | १,३६२,३०९ | ५४% | मुनाफाको आधारमा कर्मचारी बोनस रकम बढि भएको तथा व्यवसायमा भएको अन्तरका कारणले |
| **कुल पूंजी तथा दायित्व** | **९३,२६४,१८३** | **११०,०६१,३०५** | **-१५%** | |
| **सम्पत्ति** | **वास्तविक** | **प्रक्षेपित (रु.हजारमा) **** | **फरक** | |
| | **२०७५/७६** | **२०७५/७६** | **(प्रतिशतमा)** | |
| नगद मौज्दात | ९२०,०३३ | १,०३२,३०० | -११% | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४,६०९,४२४ | ८,००८,७७४ | -४२% | व्यवसायिक आवश्यकता अनुरुप मौज्दात कायम गरेको |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ९२२,८६३ | ८१७,७०३ | १३% | |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | १,८००,००० | - | १००% | व्यवसायिक आवश्यकता अनुरुप अल्प कालिन लगानी गरेको |
| लगानी | २८,२६७,४३७ | ३८,३६२,५०० | -२६% | लगानी योग्य रकमको उपलब्धताको आधारमा |

| | | | | |
|---|---|---|---|---|
| कर्जा, सापट तथा बिल खरीद | ५५,६३३,५८२ | ६०,४२५,२२१ | -८% | |
| स्थिर सम्पत्ति | १४७,७३६ | ९७,२९९ | ५२% | व्यवसायिक आवश्यकता अनुरुप पूँजीगत खर्च बढि भएको |
| गैर बैंकिङ्ग सम्पत्ति | | | | |
| अन्य सम्पत्ति | ९६३,१०९ | १,३१७,५०८ | -२७% | अन्य प्रक्षेपित व्यवसायमा भएको अन्तरका कारणले |
| **कुल सम्पत्ति** | **९३,२६४,१८३** | **११०,०६१,३०५** | **-१५%** | |

**नाफा नोक्सान हिसाब**

**(रु.हजारमा)**

| **विवरण** | **वास्तविक** | **प्रक्षेपित (रु.हजारमा) **** | **फरक** | **कारण** |
|---|---|---|---|---|
| | **२०७५/७६** | **२०७५/७६** | **(प्रतिशतमा)** | |
| व्याज आम्दानी | ६,४३०,१०८ | ४,२५६,४५६ | ५१% | बजारको ब्याजदर अनुसार बैंकको ब्याजदर परिवर्तन भएको कारणले |
| व्याज खर्च | २,९७८,१७७ | ७८९,६४४ | २७७% | बजारको ब्याजदर अनुसार बैंकको ब्याजदर परिवर्तन भएको कारणले |
| **खुद ब्याज आम्दानी** | **३,४५१,९३२** | **३,४६६,८१२** | **०%** | |
| कमिशन तथा डिस्काउण्ट | ८९८,६७८ | ४६६,८७३ | ९२% | प्रक्षेपित व्यवसायमा बढि आम्दानी भएको कारणले |
| अन्य सञ्चालन आम्दानी | १६,६८३ | | १००% | प्रक्षेपित विवरणमा कमिशन तथा डिस्काउण्ट शिर्षकमा गाभिएको कारणले |
| सटही घटबढ आम्दानी | ८४४,३१८ | ८२०,३३२ | ३% | |
| **कुल सञ्चालन आम्दानी** | **५,२११,६११** | **४,७५४,०१७** | **१०%** | |
| कर्मचारी खर्च | ६९८,२८४ | ६६२,३८२ | ५% | |
| अन्य सञ्चालन खर्च | ५६१,३८८ | ५४३,६८१ | ३% | |
| सटही घटबढ नोक्सान | - | - | - | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफ** | **३,९५१,९३९** | **३,५४७,९५४** | **११%** | |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ८८,२३८ | १२०,८६९ | -२७% | प्रक्षेपित कर्जामा कमिको कारणले |
| **सञ्चालन मुनाफा** | **३,८६३,७०१** | **३,४२७,०८५** | **१३%** | |
| गैर सञ्चालन आम्दानी/खर्च | -२,९५० | | | |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - | - | |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **३,८६०,७५२** | **३,४२७,०८५** | **१३%** | |
| असामान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च | - | - | - | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **३,८६०,७५२** | **३,४२७,०८५** | **१३%** | |
| कर्मचारी बोनस व्यवस्था | ३८६,०७५ | ३११,५५३ | २४% | मुनाफा प्रक्षेपित भन्दा बढि भएको कारणले |
| **आयकर व्यवस्था** | **१,०४०,०१२** | **९३४,६६०** | **११%** | |
| - यस बर्षको कर व्यवस्था | १,०२२,९३९ | ९३४,६६० | ९% | |
| - गत बर्षसम्मको कर व्यवस्था | - | - | - | |
| - यस बर्षको स्थगन कर आम्दानी/खर्च | १७,०७४ | - | - | |
| **खुद नाफा/(नोक्सान)** | **२,४३४,६६४** | **२,१८०,८७२** | **१२%** | |
| **शेयर संख्या (हजारमा)** | **८०,११४** | **८०,४९९** | **०%** | |
| **प्रति शेयर आम्दानी** | **३०.३९** | **२७.०९** | **१२%** | |

**ग. १५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरीक्षक :** यस बैंकको आ.व.०७७/०७८ को वैधानिक लेखापरीक्षक एसआर पाण्डे एण्ड कम्पनीले गर्नुभएको छ।
- **प्रमुख बैंक :** यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन।

- **निष्काशन कार्यसँग संलग्न बैंक :** "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यवस्था लागू नहुने ।
- **प्रक्षेपित वित्तीय विवरण तयार पार्ने बिज्ञ :**यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने बिज्ञमा निष्काशनकर्ता कम्पनी/बैंक आफै रहेको छ ।
- **प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको नाम तथा ठेगाना :** यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी श्री एसएआर एसोसियट्सले प्रमाणित गर्नुभएको छ ।
- यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं | बैंकको नाम र ठेगाना | बैंक खाता नं. |
|---|---|---|
| १. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड), लाजिम्पाट, काठमाडौं । | ०३६०१०४०२६६६४२ |

**(ख) माथि खण्ड १५(क) मा उल्लेखित संस्था वा व्यक्तिसँग सहमतिका मुख्य-मुख्य बुँदा तथा शर्तहरुः** नभएको ।

**ग. १६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** लागू नहुने ।

**ग. १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः** सो नभएको ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग. १८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृयाः**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको कार्यालय एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री रोश्ना मानन्धरलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ४००५०८० एक्सटेन्सन ४४४ मा सम्पर्क गर्न सकिनेछ ।

**ग. १९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** नभएको ।

**ग. २०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "१०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड ऋणपत्र" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेको छ :**

**(अ) ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।

**(आ) ऋणपत्रको अवधि (Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट ५(पाँच) बर्षको हुनेछ। सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

**(इ) निष्काशन गरिने ऋणपत्रको रकम :**प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका २४ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. २ अर्ब ४० करोड ऋणपूँजी रकममध्ये रु. छयानब्बे करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु. १,०००/– अंकित मूल्यका ९ लाख ६० हजार कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात ४८,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु. १ अर्ब ४४ करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु. १,०००/- अंकित मूल्यका १४ लाख ४० हजार कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिनेछ ।

**(ई) ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ५ (पाँच) बर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

**(उ) ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period):** यस ऋणपत्रको बार्षिक ब्याजदर १०.३०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक बर्षको प्रथम अर्ध-वार्षिक (पौष

मसान्त) र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको माघ १ गतेदेखि र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ।

ऋणपत्रमा आवेदन गर्ने आवेदकलाई (मेरो शेयर/सि-आस्वा बाहेकका) निजले आवेदन गरेको रकममा आवेदन गरेको मिति देखि बाँडफाँड हुने दिन सम्मका लागि प्रचलित व्याजदरले खण्डित अवधिको व्याज (Broken Period Interest) कर कट्टी गरी भुक्तानी गरिनेछ। ऋणपत्रको लगानीबाट आर्जित हुने ब्याजमा प्रचलित आयकर ऐन, २०५८ (संशोधन सहित) तल देहाय बमोजिम कर कट्टा गरिने छ।

| सि. नं. | ऋणपत्रधनीका प्रकार | करको दर |
|---|---|---|
| १. | व्यक्तिगत ऋणपत्रधनी | ५% |
| २. | सामुहिक लगानी कोषका ऋणपत्रधनी | - |
| ३. | संस्थागत लगानी ऋणपत्रधनी | १५% |

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धित व्यवस्था:** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ५ (पाँच) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट ऋणपत्र निष्काशन भएको पहिलो आर्थिक बर्ष देखि ५ (पाँच) बर्ष सम्म वार्षिक समानुपातिक (Proportionate) आधारमा हुने रकम रु. ४८ करोडका दरले कम्पनीको नाफा नोक्सान बाँडफाँट हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ र सो को विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | आर्थिक वर्ष | रकम रु. |
|---|---|---|
| १. | २०७९/८० | ४८,००,००,००० |
| २. | २०८०/८१ | ४८,००,००,००० |
| ३. | २०८१/८२ | ४८,००,००,००० |
| ४. | २०८२/८३ | ४८,००,००,००० |
| ५. | २०८३/८४ | ४८,००,००,००० |

(ए) **ऋणपत्रवालाको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ। तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ। यस संस्थाले जारी गरेको ऋणपत्र अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋणपत्रधनीले ऋण लिन सक्ने अधिकार रहेको छ।

**(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको कुनै पनि सुरक्षण नराखि **(Unsecured Debt)** भएको साथै बैंकको त्यस्तो कुनै सुरक्षित साहु नभएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ताको कुल रकम रु. १०१.९५ अर्ब (आषाढ २०७९) भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinated Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ। बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ।

**(ग) ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरु:**

ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ।

(अ) **ट्रष्टीको नाम तथा ठेगाना :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ।

(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा ब्यक्तिगत तवरबाट विभिन्न ब्यक्ति वा संघ संस्थालाई विक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत बार्षिक रु.२५,०००/–(अक्षेरुपी पच्चिस हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री रोश्ना मानन्धर, प्रमुख- मर्चेन्ट बैंकिङ्गलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। निजले एमबिएको शैक्षिक योग्यता हासिल गरी करिब ७ वर्ष बैक तथा मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ।

**(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था:** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्:

गुनासो सुन्ने अधिकारीको नामः रोश्ना मानन्धर

इमेलः roshna@niblcapital.com

फोन नं.: ०१-४००५०८०

**(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०७८/१२/२९ मा सम्झौता गरिएको छ।

**(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :**ऋणपत्रट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।

**(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

**(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :**ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ।

**(ओ) अन्य :**

- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserves)** को अनुगमन गर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने।

**औ) ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रमुख बुँदाहरु :**

१. बैंकले रु. २,४००,०००,०००/- (अक्षेरुपी दुई अर्ब चालीस करोड रुपैयाँ मात्र) रकम बराबरको प्रति डिबेञ्चर रु. १०००/- का दरले कुल २,४००,००० कित्ता डिबेञ्चरहरु मध्ये १,४४०,००० कित्ता डिबेञ्चर परिपत्र विधिबाट र ९६०,००० कित्ता डिबेञ्चर सार्वजनिक निष्काशन प्रकृयाबाट निष्काशन गरिने क्रममा बैंक र डिबेञ्चरधनीको हित संरक्षण गर्ने जिम्मा डिबेञ्चर ट्रष्टीको रहने छ।

२. डिबेञ्चरवालाले खरिद गरेको डिबेञ्चरको साँवा र ब्याज भुक्तानी गर्ने समय, ब्याज दर, साँवा ब्याज भुक्तानी गर्ने प्रक्रिया र डिबेञ्चरलाई शेयरमा परिणत गर्ने वा नगर्ने सम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ।

अ) डिबेञ्चरको अवधि (Maturity) :डिबेञ्चरको अवधि डिबेञ्चर बाँडफाँड भएको दिनबाट पाँच वर्षका लागि हुनेछ र सो अवधि पश्चात् बैंकले साँवा र भुक्तानी नलिएको ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।

आ) डिबेञ्चरको ब्याज दर (Coupon Interest Rate) : डिबेञ्चरको वार्षिक ब्याजदर १०.३०% हुनेछ र सो ब्याज रकमबाट प्रचलित आयकर ऐन अनुसार करकट्टा गरी भुक्तानी गरिनेछ।

इ) डिबेञ्चरको ब्याज भुक्तानी गर्ने प्रक्रिया (Interest Payment Process) : डिबेञ्चरमा आर्जित ब्याज अर्धवार्षिक रुपमा अर्थात् प्रत्येक छ/छ महिनाको अवधिमा भुक्तानी हुनेछ।

ई) डिबेञ्चर भुक्तानी गर्ने समय (Interest Payment Timing) : यस डिबेञ्चरमा आर्जित ब्याज रकम डिबेञ्चरधनीहरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र दोश्रो अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात् भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिंदा प्रथम अर्ध वार्षिक (पौष मसान्त) समयसम्म यस डिबेञ्चरमा आर्जित ब्याज रकम हरेक आर्थिक वर्षको माघ महिनाको शरुको ७ दिन भित्रमा र दोश्रो

अर्धवार्षिक (आषाढ मसान्त) समयसम्म यस डिबेञ्चरमा आर्जित ब्याज रकम हरेक आर्थिक वर्षको श्रावण महिनाको शुरुको ७ दिन भित्रमा भुक्तानी गरिनेछ ।

उ) ब्याज भुक्तानी गर्ने तरिका : डिबेञ्चरबाहकलाई ब्याज भुक्तानी गर्नको लागि बैंकले डिवेञ्चरको आवेदन दिंदा उपलब्ध गराएको बैंक खातामा ब्याज भुक्तानी गर्नेछ ।

ऊ) ब्याज भुक्तानी गर्ने स्थान : डिबेञ्चरबाहकले उपलब्ध गराएको बैंक खातामा कुनै कारणबाट ब्याज रकम जम्मा हुन नसकेमा आफ्नो प्रमाणसहित बैंकको मुख्य कार्यालय वा सो को सम्पूर्ण शाखा कार्यालयमा बैंकिङ्ग समयभित्र सम्पर्क गरी ब्याज रकम प्राप्त गर्न सकिनेछ ।

ए) डिबेञ्चरलाई शेयरमा परिणत गर्ने व्यवस्था : डिबेञ्चरलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cummulate गर्ने विशेषता नरहेको ।

३. डिबेञ्चर ट्रष्टीको हैसियतले कार्य गर्दा बैंक वा डिबेञ्चरवालालाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिबेञ्चरवालालाई रकम भुक्तानी नभएमा सो को लागि डिबेञ्चर ट्रष्टी जवाफदेही हुने छैन ।

४. बैंक विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको तर्फबाट गर्न सक्ने कानूनी कारबाही र डिबेञ्चरवालाको अधिकारको प्रयोग डिबन्चर ट्रष्टीले गर्न सक्नेछ । डिबेञ्चर ट्रष्टीले कार्य गरे बापत लागेको सम्पूर्ण खर्च बैंकले भुक्तानी गर्नुपर्ने छ ।

५. डिबेञ्चरवालाको हित संरक्षण सम्बन्धी गर्नुपर्ने सम्पूर्ण कार्य डिबेञ्चर ट्रष्टीले गर्न सक्ने अधिकार रहेको छ ।

६. डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको हित संरक्षणको निमित्त आवश्यक ठानेमा बैंकको जायजेथा सुरक्षण स्वरुप लिन र त्यस्तो सुरक्षण प्रचलित कानून बमोजिम आफ्नो नाममा पारित गराई राख्न सक्नेछ ।

**(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :** नभएको ।

**(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**

– नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको पालना गर्न ।

**(च) जारी पूँजी चुक्ता भएको/नभएको :** कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

**(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :** सो नभएको ।

**(ज) अन्य :**

– यो ऋणपत्र स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।

– यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद विक्रीको व्यवस्था मिलाइनेछ ।

– **ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान :** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्रधनीहरुको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा सिधै रकमान्तर गरिनेछ ।

– ऋणपत्रको बाँडफाँट पश्चात बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिन देखिको पहिलो अर्ध-बार्षिकको ब्याज रकम सो अर्ध-बार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ ।

– **नेपाल राष्ट्र बैंक बाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :**

यस स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले निष्काशन गर्न लागेको "१०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड ऋणपत्र" निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैकद्वारा शुरुमा मिति २०७९/०१/२५ मा स्वीकृति प्रदान गरिएको र सो पश्चात बजारमा भएको ब्याजदर बृद्धिलाई मध्येनजर गरी मिति २०७९/०३/३१ मा संशोधित ब्याज सहित स्वीकृति प्रदान गरिएको र सो स्वीकृत प्रदान गर्दा देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनिएको छ :

१) प्रस्तावित ऋणपत्र कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नुपर्ने ।

२) ऋणपत्रको अवधि ५ वर्षको हुने ।

३) ऋणपत्रको वार्षिक ब्याजदर १०.३० प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धवार्षिक रुपले ६/६ महिना (साउन र माघ) मा भुक्तानी गर्नुपर्ने, ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।

४) बैंक विघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी निक्षेपकर्ता भन्दा पछिमात्र हुने ।

५) ऋणपत्र जारी भएको मितिले वढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गर्नुपर्ने ।

६) स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।

७) ऋणपत्र निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी सहमति लिएर मात्र प्रकाशन गर्नुपर्ने ।

८) प्रस्तावित ऋणपत्र पूँजीकोषको अङ्गको रुपमा रहने गरी जारी गर्नुपर्ने ।

९) Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।

१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको डिवेन्चर खरिद नगरेमा सो डिवेन्चर अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपनर्ने ।

११) ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिकालागि प्रचलित बचतको (त्यस बैंकको कुनै एक प्रकारको बचतको प्रचलित ब्याजदर) ब्याजदरले खण्डित अवधिको ब्याज (**Broken Period Interest**) प्रदान गर्नुपर्ने र सो विषय विवरणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने ।

१२) ऋणपत्रको रकम भुक्तानी गर्न सिर्जना गरिने पूँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve) को व्यवस्था गर्न निम्नानुसार कोष सिर्जना गरेको हुनपर्ने ।

क. निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष (Redemption Reserve) मा कुनै रकम विनियोजन नगरे पनि हुने ।

ख. भुक्तानी अवधि बाँकि रहेसम्म त्यसपछिका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट कम्तीमा समानुपातिक (Proportionate) आधारमा रकम छुट्याउनु पर्ने ।

ग. खण्ड ख बमोजिम समानुपातिक आधारमा छुट्याउनुपर्ने रकम भन्दा बढी रकम छुट्याउने भएमा कुन आर्थिक वर्षमा कति रकम छुट्याउने हो स्पष्ट उल्लेख गर्नुपर्ने ।

**ग. २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :**

नभएको ।

**ग. २२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि लेखापरिक्षण संस्था एसएआर एसोसिएट्सका चार्टड एकाउन्टेन्टले प्रमाणित गर्नु भएको छ। वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको उक्त प्रक्षेपित वित्तीय विवरण NFRS अनुसार नै बनेको भनी लेखापरिक्षण संस्था एसएआर एसोसिएट्सका चार्टड एकाउन्टेन्टले आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

| क्र.सं. | नम | पद | परिवर्तन भएको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | जितेन्दर अरोरा | संचालक समिति अध्यक्ष | स्ट्याण्डर्ड चार्टर्ड बैंक समुहद्वारा परिवर्तन | |
| २ | कृष्ण कुमार प्रधान | संचालक समिति सदस्य | कार्यकालको समाप्ति | |
| ३ | क्यारेन डि एल्विस | संचालक समिति सदस्य | कार्यकालको समाप्ति | |
| ४ | एसएआर एसोसिएट्स | लेखापरीक्षक | प्रचलित कानूनी व्यवस्था अनुसार | |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : गोपी कृष्ण भण्डारी

ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १०,

योग्यता : स्नातकोत्तर

**(घ) ऋणपत्र निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ऋणपत्र वा डिबेन्चर जारी गर्नुपर्ने भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कानूनको अधिनमा रही संचालक समितिले निर्णय गरी जारी गर्न सक्ने हुँदा सोही अनुसार बैंकको मिति २०७९/०३/०३ मा बसेको ४२८ औं संचालक समितिको बैठकको निर्णय बमोजिम बार्षिक १०.३० प्रतिशत ब्याज दिने गरी पाँच वर्ष अवधिको लागि रु.२ अर्ब ४० करोड बराबरको २४ लाख कित्ता ऋणपत्र जारी गर्ने निर्णय गरेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, नयाँ वानेश्वर, काठमाडौं ।

२. धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि ऋणपत्र सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु. १,०००/– अंकित मुल्यका कुल ९ लाख ६० हजार कित्ता ऋणपत्र संख्याको ५% अर्थात ४८,००० कित्ता ऋणपत्रहरु सामुहिक लगानी कोषको लागि छुट्टयाएर सुरक्षित गरिएको छ। यसरी छुट्टयाएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिनेछ ।

**(झ) बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने बैंकको उद्घोषण रहेकोछ ।साथै यस बैंकले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७७/०७८ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस बैंक अद्यावधिक रहेको छ।

**(ञ) धितोपत्र विक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र विक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्नेछन् ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था** :

यस बैंकलाई इक्रा नेपाल लिमिटेडले न्यून कर्जा जोखिम (Low Credit Risk) जनाउने "[ICRANP-IR] AAA" (Pronounced ICRA NP issuer rating triple A) रेटिङ्ग मिति जनवरी १७, २०२२ मा प्रदान गरेको र सो को अवधि जनवरी १६, २०२३ सम्म रहेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा उच्चतम (Highest) मात्रामा सुरक्षित मानिन्छ। जोखिमको दृष्टिकोणमा यस्ता उपकरणहरु न्यून क्रेडिट जोखिम भएको मानिन्छ। इक्रा नेपाल लि. ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा विक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरु :**

१. विदेशी संयुक्त लगानीमा स्थापना भएको यस बैंकको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२. समग्र जोखिम व्यवस्थापनमा सबल रहेको ।
३. स्थापनाकालदेखि नै आधुनिक प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
४. बैंकिङ्ग क्षेत्रमा व्यबसाय विस्तार गर्न सफल रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

शेयर रजिष्ट्रार सम्बन्धी कार्य स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं मार्फत हुनेछ ।

**(ण) धितोपत्र विक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि विक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ। व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ।

**ग. २३. विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | जरिन दारुवाला<br>प्रतिनिधि - स्ट्याण्डर्ड चार्टर्ड बैंक युके | अध्यक्ष | |
| २ | रिनो सान्तोडियोनो डोनो सेपुत्रो<br>प्रतिनिधि - स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड | संचालक | |
| ३ | अनिर्वाण घोष दास्तिदार<br>प्रतिनिधि - स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, | संचालक | |
| ४ | भरत कुँवर | संचालक (सर्वसाधारण समूह) | |
| ५ | सिद्धान्त राज पाण्डेय | स्वतन्त्र संचालक | |

**(ग) २४. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धतापत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

मिति : २०७९/०७/२०

**श्री नेपाल धितोपत्र बोर्ड,**
**संस्थागत वित्त विभाग,**
**खुमलटार, ललितपुर ।**

**बिषयः धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध बारे ।**

महोदय,

वागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका -३१, नयाँ बानेश्वर ठेगाना भएको स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले निष्काशन गर्न लागेको कूल २४,००,००० लाख कित्ता ऋणपत्र (९,६०,००० कित्ता सार्वजनिक निष्काशन तथा १४,४०,००० कित्ता व्यक्तिगत तवर( Private Placement) बाट ५ बर्ष अवधिको १०.३० प्रतिशत व्याजदरमा प्रति ऋणपत्र रु.१,०००/– दरको **" १०.३० % स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड ऋणपत्र "** नामक ऋणपत्र निष्काशन गर्नको लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई ऋणपत्र जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्वद्ध कानूनमा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार सम्बन्धी कानुन अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरुसँग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

**नाम** : सचिन्द्र ढुंगाना

**पद** : नायव महाप्रबन्धक

**सही** :

**कार्यालयको छाप** :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

NIBL ACE CAPITAL LIMITED
एनआईबिएल एस क्यापिटल लिमिटेड
(Wholly Owned subsidiary of Nepal Investment Bank Limited)

P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4005157, 4419421, 4425280
F : +977-1-4005084
E : info@niblcapital.com
W : www.niblcapital.com
(Formed by Merger of NIBL Capital and Ace Capital)

Licensed by Securities Board of Nepal (SEBON)

- Issue Management - Registrar to Shares/Registrar & Transfer Agent - Underwriting - Portfolio Management - Depository Participant - Fund Manager & Depository of NIBL Mutual Fund.

(ग) २५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

S.A.R. ASSOCIATES
CHARTERED ACCOUNTANTS

To
The Chief Executive Officer
Standard Chartered Bank Nepal Limited
New Baneshwor, Kathmandu, Nepal

We have examined the projected financial statements of Standard Chartered Bank Nepal Limited (the 'Bank') for the period from Shrawan 2079 to Asadh 2084 in accordance with Nepal Standard on Assurance Engagement 3400, "The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the projection including the underlying assumptions to the prospective financial information, is the responsibility of the Management. Our responsibility is to examine the evidence supporting the assumptions (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval of proposed public issue of debenture by the bank. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection.

Further, in our opinion the projection is properly prepared on the basis of the assumptions to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

Date: 05th January 2023
Place: Kathmandu, Nepal

UDIN: 230119CA00109GIjnb

Sunir Kumar Dhungel
Managing Partner

T +977 1 4420807 / 08 / 10 F +977 1 4440528 E info@sar.com.np
Address 64 Bishal Basti "Ka", Bishal Nagar, GPO Box 4585, Kathmandu, Nepal